नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

(लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं,नेपाल ।


नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

पत्र संख्या :-०७८/०७९

चलानी नं. :- १६४

मितिः- २०७८/१२/०८

श्री सबै स्थानीय तह ।

विषय :- समिति गठन गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा संविधानले प्रत्येक महिलाहरूलाई लैगिक भेदभाव विना समान वंशीय हक हुने र प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हकको प्रत्याभूति गरेको छ | त्यस्तै प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था समेत सुनिश्चित गरिएको छ | त्यस्तै अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरमा लैगिक समानतामूलक राष्ट्र निर्माणका लागि सबै सरोकारवाला मन्त्रालय, निकायस्तरमा नीतिगत, कानुनी , संस्थागत र कार्यक्रमगत व्यवस्थाहरु कार्यान्वयनमा रहेका छन् | यद्यपि समाजमा विशेषगरी बालिका, किशोरी तथा महिलाहरु विभिन्न प्रकारका लैगिक हिसामा परेका तथ्यगत आधारले देखाईरहेका छन् |

समाजमा छोराप्रतिको बढ्दो चाहना र छोरीप्रति गरिने विभेदपूर्ण व्यवहारका कारण गर्भमै भ्रुणको पहिचान गरी असुरक्षित गर्भपतन गराउनुपर्ने वाध्यता रहेको छ | यस्तो असामाजिक र विभेदपूर्ण सोचका कारण हाम्रो राष्ट्रिय लक्ष्य लैगिक समानतामूलक राष्ट्र निर्माण र दिगो विकासको लक्ष्य भेट्न गाह्रो हुने र समाज कुरीति र हानीकारक अभ्यासमा रुमलिने भएकोले विभेदपूर्ण लिग छनौटको अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७८-२०८८) मिति २०७८/०१/२० मा स्वीकृत भएकोले सो अनुसार तहाँ **स्थानीय तहमा स्थानीय तह सहजीकरण समिति** गठन गरी कार्यान्वयन गर्नुहुन निर्णयानुसार अनुरोध छ |

नोट :- विभेदपूर्ण लिग छनौटको अन्त्यको रणनीतिको पूर्ण पाठ www.mohp.gov.np वेभसाइट हेर्नुहुन |

०७८/१२/०८

रोशनी देवी कार्की

उप- सचिव